नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, वैशाख ७ गते २०५५ साल (संख्या १

भाग ३

श्री ५ को सरकार

कृषि मन्त्रालयको सूचना

खाद्य ऐन २०२३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको खाद्य पदार्थको गुणस्तर वा मात्रा देहाय बमोजिम निर्धारण गरेकोले यो सूचना प्रकाशन भएको मिति देखि लागू हुने गरी यो आदेश जारी गरेको छ ।

संकेत नम्बर ०९.०१ खनिजयुक्त पानी (Mineral Water)

(क) "प्राकृतिक खनिजयुक्त पानी" (Natural Mineral Water) भन्नाले प्राकृतिक पिउन योग्य पानीबाट वा पानीको मुहान, कुवा, इनार वा भूमिगत पानीबाट (सार्वजनिक खाने पानी वितरणबाट बाहेक) आएको पानी सम्झनु पर्दछ र यस्तो पानीमा वाह्य धूलो पदार्थ वा स्वाथ्यलाई हानि पुऱ्याउने पदार्थ नरहेको हुनु पर्दछ ।

(ख) "रसायनिक तत्व थपि बनाएको खनिजयुक्त पानी" भन्नाले आवश्यक रसायनिक तत्व थपी प्रशोधन गरी खनिजयुक्त बनाईएको पानीलाई सम्झनु पर्दछ ।

(ग) खनिजयुक्त पानीको रंग,स्वाद स्वाभाविक तथा गन्धरहित हुनु पर्दछ ।

(घ) खनिजयुक्त पानी प्याकिङ्ग नगरिकन परिवहन गर्न निशेधित छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ०) खनिजयुक्त पानी सफा र निरोगन (Sterile) गरिएको खाद्य ग्रेडको प्लाष्टिक वा कांचको भांडामा प्याक गरिएको (Hermetically Sealed) हुनु पर्दछ ।

खनिज युक्त पानीको गुणस्तर देहाय वमोजिम हुनु पर्दछ :

(क) देहायका तत्व तथा यौगिक देहायको परिमाण भन्दा नबढेको वा अनुपस्थित हुनुपर्दछ

टर्विडिटी (एन. टि. यू.) (Turbidity NTU)	- ५ एन. टि. यू. मा नबढेको
कूल घुलनशील ठोस पदार्थ (Total Dissolved Solids)	- ७५० पि. पि. एम.मा नबढेको
पि एच (pH)	- ६.५ - ८ सम्म
तामा (Copper as Cu)	- १.० पि. पि. एम.मा नबढेको
फलाम (Iron as Fe)	- ०.३ पि. पि. एम.मा नबढेको
नाइट्रेट (Nitrate as NO_3)	- ४५ पि. पि. एम.मा नबढेको
क्लोरिनको अवशेष (Residual Free Chlorine)	- ०.२ पि. पि. एम.मा नबढको
ल्फोराईड (Fluoride as F)	- १.५ पि. पि. एम.मा नबढेको
पारो (Mercury as Hg)	- ०.००१ पि. पि. एम.मा नबढेको
क्याडमियम (Cadmium as Cd)	- ०.०१ पि. पि. एम.मा नबढेको
आर्सेनिक (Arsenic as As)	- ०.०५ पि. पि. एम.मा नबढेको
सायनाइड (Cyanide)	- ०.०१ पि. पि. एम.मा नबढेको
सिसा (Lead as Pb)	- ०.०५ पि. पि. एम.मा नबढेको
एमोनिया (Ammonia)	- अनुपस्थित
नाईट्राइट (Nitrite)	- ०.००५ पि. पि. एम.मा नबढेको
कोमियम (Chromium as Cr)	- ०.०५ पि. पि. एम.मा नबढेको
क्लोराईडस (Chlorides as Cl)	- २०० पि. पि. एम.मा नबढेको
सलफेट (Sulphate as SO_4)	- २५० पि. पि. एम.मा नबढेको
क्षारियता (Alkalinity as HCO_3)	- ६०० पि. पि. एम.मा नबढेको
म्यानगानिज (Manganese as Mn)	- ०.१ पि. पि. एम.मा नबढेको
क्याल्सियम (Calcium as Ca)	- १०० पि. पि. एम.मा नबढेको
जिङ्क (Zinc as Zn)	- ५.० पि. पि. एम.मा नबढेको
म्याग्नेसियम (Magnesium as Mg)	- ७५.० पि. पि. एम.मा नबढेको
कडापन (Hardness)	- २०० पि. पि. एम.मा नबढेको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख)सुक्षम जीवाणु देहायको परिमाण भन्दा नवढेको वा अनुपस्थिति हुनुपर्दछ ।

टोटल मेशोफिलिक व्याक्टेरिया गणना (Total Mesophilic Bacterial Count)	- २५ प्रति एम एल मा नबढेको
यीष्ट र मोल्ड गणना / एम. एल. (Yeast & Mould Count / ml)	- अनुपस्थित
कोलिफर्म गणना /१०० एम. एल (Coliform Count /100 ml)	- अनुपस्थित
फिकल कोलीफर्म /१०० एम. एल. (Faecal Coliform /100 ml)	- अनुपस्थित
इ कोलाई /१०० एम. एल. (E.Coli /100 ml)	- अनुपस्थित
व्यासिलस सिरियस /एम. एल. (Bacillus cereus /ml)	- अनुपस्थित
साल्मोनेला /२५ एम. एल (Salmonella / 25 ml)	- अनुपस्थित
सिघेल्ला /२५ एम. एल (Shigella /25 ml)	- अनुपस्थित
भिब्रिओ कलेरी /एम. एल (Vibrio cholerae /ml)	- अनुपस्थित
भि. पारा हिमोलाईटिकस /एम. एल. (V. Parahaemolyticus /ml)	- अनुपस्थित
क्लोस्ट्रिडिअम बोटुलिनम् /एम. एल (Chlostridium Botulinum /ml)	- अनुपस्थित
क्लो वेल्चि /एम. एल (Clo. Welchic /ml)	- अनुपस्थित
फेकालिज स्ट्रेप्टोकोकस /१०० एम. एल. (Streptococus Faecalis /100 ml)	- अनुपस्थित
नेमाटोड्स् (सिष्ट, ओभा, लार्भा) Nematodes - Cyst. Ova, Larva)	- अनुपस्थित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) जीवानाशक विषादी अवशेष देहाएको परिमाण भन्दा नवढेको हुनुपर्दछ।

डि. डि. टि. (D. D. T.)	- १ पि. पि. एम.मा नबढेको
आल्ड्रिन र डाइल्ड्रिन (Aldrin and Dieldrin)	- ०.०३ पि. पि. एम.मा नबढेको
क्लोर्डन (Chlordane Total Isomers)	- ०.३ पि. पि. एम.मा नबढेको
हेक्साक्लोरोवेन्जिन (Hexachlorobenzene)	- ०.०१ पि. पि. एम.मा नबढेको
हेप्टाक्लोर र हेप्टाक्लोर इपोक्साईड (Heptachor and Heptachor epoxide)	- ०.१ पि. पि. एम.मा नबढेको
गामा वी.एच.सी. वा गामा एच.सि.एच वा लिन्डेन (γ BHC or γ HCH or Lindane)	- ३.० पि. पि. एम.मा नबढेको
मेथोक्सिक्लोर (Methoxychlor	- ३० पि. पि. एम.मा नबढेको
२, ४, - डि (2, 4 - D)	- १०० पि. पि. एम.मा नबढेको

आज्ञाले,
सूर्यनाथ उपाध्याय
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।